प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १४१ ॥ २०८२ असार १६ गते सोमबार (30th June 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# झापामा धान दिवसमा यस्तो देखियो

झापा(प्रस) । केही वर्षअघि असार १५ मा कृषि मन्त्रालयका कर्मचारीहरु धानको बीउको माला लगाएर अतिथि बनेपछि त्यसको निक्कै नै आलोचना भएको थियो । त्यही आलोचनाका बीच सत्तारुढ नेकपा एमालेले झापामा धानको बीउको माला अतिथिलाई लगाइदिएर यस वर्ष धान दिवस मनाएको छ । एमालेले मेचीनगर र बाह्रदशीमा धानको बीउको माला अतिथिलाई लगाइदिएको हो । नेकपा एमाले मेचीनगर कमिटीले आयोजना गरेको कार्यक्रममा एमाले केन्द्रीय सदस्य रविन कोइराला प्रमुख अतिथि थिए । मेचीनगर-७, जोरसिमलस्थित नरपति काफ्लेको खेतमा एमाले मेचीनगरले धानको बीउको माला लगाएर र रोपेर दिवस मनाएको हो । त्यस्तै नेकपा एमाले बाह्रदशीको आयोजना तथा अखिल नेपाल किसान महासंघको व्यवस्थापनमा २२ औँ राष्ट्रिय धान दिवस कार्यक्रम सम्पन्न भएको छ । नेकपा एमाले बाह्रदशीका अध्यक्ष अनिल सापकोटाको अध्यक्षता एवम् पार्टीका केन्द्रीय कमिटी सदस्य हरिबहादुर राजवंशीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा पार्टी जिल्ला कमिटी अध्यक्ष प्रेम गिरीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमका अतिथिहरुलाई धानको बीउको माला लगाइदिएको थियो । सो कार्यक्रम बाह्रदशी २ स्थित जिल्ला कमिटी सदस्य बिन्दा निरौलाको खेतमा भएको थियो ।

त्यस्तै २२औं राष्ट्रिय धान दिवस शिवसताक्षीमा पनि मनाइएको छ। नेकपा एमाले ७ नं वडा कमिटीकी अध्यक्ष पुष्पा सापकोटाको खेतमा नौमती बाजागाजासहित सामूहिक धान रोपाइँ गरिएको हो ।

नेकपा एमाले शिवसताक्षी, अखिल नेपाल किसान संघ, अखिल नेपाल महिला संघ तथा रिटर्नी फेडेरेसन नेपाल शिवसताक्षीको संयुक्त आयोजनामा १५ कठ्ठा क्षेत्रफलमा सामूहिकरूपमा धान रोपिएको अखिल नेपाल किसान संघ शिवसताक्षीका अध्यक्ष बलबहादुर राईले जानकारी दिए।

सो कार्यक्रमका प्रमुख अतिथि संघीय सांसद एलपी साँवा लिम्बू रहेका थिए ।

त्यस्तै जिल्लाभरिका कांग्रेस नेता कार्यकर्ताहरुले हल्दिवारीमा भेला भएर धान दिवस मनाएका छन् । नेपाल किसान महासंघ झापाको आयोजना तथा नेपाली काँग्रेस हल्दिबारी गाउँ समितिको सहआयोजनामा हल्दिबारी-४ निवासी नेपाली कांग्रेस हल्दिबारीका उपसभापति होम चुडालको खेतमा बेठी (नौमती) एवं च्याब्रुङ बाजागाजासहित धान दिवस मनाइएको हो । चुडालको खेतमा खनजोत, बाउसे, बीउ उखेलेर रोपाइँ गरी धान दिवस मनाइएको हो । कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका पूर्व महामन्त्री तथा राष्ट्रियसभा सदस्य कृष्णप्रसाद सिटौलाले धान रोपेर दिवसको उद्घाटन गरेका थिए । त्यस्तै दमक ३ मा कांग्रेसले असार पन्ध्र तथा राष्ट्रिय धान दिवसको अवसर पारेर शोकमा रहेको एक परिवारको खेतमा रोपाइँ गरिदिएको छ । स्थानीय एक जग्गाधनीसंग अधिया खेती गर्न जग्गा लिएका चन्द्रबहादुर विश्वकर्माको खेतमा कांग्रेसले धान रोपाइँमा लागेको सम्पूर्ण लागत व्यहोर्दै रोपाइँमा सहभागिता जनाएको हो । बिश्वकर्माकी बुहारी कमलाको निधन भएको छैठो दिनमा समवेदना दिन पुगेको कांग्रेस नेता कार्यकर्ताहरुको टोलीले विश्वकर्माको ११ कठ्ठा खेत हिल्याएर रोपाइँ गरिदिएको कांग्रेस दमक ३ का सभापति गोपाल गिरीले जानकारी दिए ।

त्यस्तै राप्रपा बिर्तामोड नगर समितिको आयोजनामा राष्ट्रिय धान दिवस तथा दही चिउरा खाने कार्यक्रम गरिएको छ । नेकपा माओवादी केन्द्र बिर्तामोड कमिटीले शनिवार नै रोपाइँ कार्यक्रम गरेको थियो । राजनीतिक दलसंगै विभिन्न कार्यालय र संघ संस्थाहरुले धान दिवस मनाएका छन् । वीरता जेसीजले बिर्तामोड ३ मा रोपाइँ गरी धान दिवस मनाएको छ। वीरता जेसीजका अध्यक्ष युवराज कुँवरको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि बिर्तामोड नगरपालिका-३ का वडा अध्यक्ष मदन बुढाथोकी रहेका थिए ।

अर्जुनधारा नगरपालिकाले असार १५ अर्थात राष्ट्रिय धान दिवसको अवसरमा रोपाइँसँगै नगरका पाँच जना उत्कृष्ट कृषकलाई सम्मान तथा पुरस्कृत गरेको छ । अर्जुनधारा नगर कृषि विकास शाखाको आयोजना तथा शनिश्चरे साना किसान सहकारी संस्थाको व्यवस्थापनमा अर्जुनधारा-११ स्थित सालवारीमा बिभिन्न कार्यक्रमसहित खाद्यबालीतर्फ बिष्णुप्रसाद भण्डारी, नगदेबालीतर्फ लक्ष्मीप्रसाद पोखरेल, तरकारीवालीतर्फ कमल अधिकारी, बीजबृद्धितर्फ गोकर्ण कार्की र मौरीतर्फ रामचन्द्र भण्डारीलाई जनही नगद आठ हजार रुपैयाँसहित सम्मान तथा पुरस्कृत गरिएको हो । नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ, उप-प्रमुख खड्गमाया पराजुली, प्रमुख प्रशासकीय अधिकृत तिलचन रिमाल, अर्जुनधारा-११ का वडाध्यक्ष खगेन्द्र इङनामलगायत रोपाइँमा सहभागी भएका थिए ।

त्यस्तै नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी)को तेस्रो व्यवसाय एनएमसी एग्रोफार्म र कृषि ज्ञान केन्द्र झापाको संयुक्त आयोजनामा विशेष कार्यक्रमसहित २२ औं राष्ट्रिय धान दिवस मनाइएको छ । मेचीनगरस्थित एनएमसी एग्रो फार्ममा मेसिनबाट धान रोपेर दिवस मनाइएको हो ।

मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले मेकानिकल राइस ट्रान्सप्लान्टरबाट रोपाइँको शुरुवात गरेका थिए । मेचीनगर १४ कमलवारीस्थित एनएमसी एग्रो फार्मले धान दिवसका लागि करिब १२ कठ्ठा जमिन तयारी गरेको थियो । त्यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाईले ग्रासल्याण्ड एग्रो फार्म प्रा.लि. कचनकवलसंगको सहकार्यमा मेकानिकल राइस ट्रान्सप्लान्टरबाट रोपाइँ गरेको छ । यस वर्ष धान दिवसमा देखिएका दृष्य र यथार्थभन्दा नाटकीय कार्यक्रमले किसानको अपमान गरेको इन्द्रप्रसाद ओलीले बताएका छन् । (बाँकी तस्वीरहरु पृष्ठ ३ मा )

## पानी नपर्दा धुमधामले रोपाइँ भएन

झापा(प्रस) । पर्याप्त वर्षा नहुँदा असार १५ लागिसक्दा समेत झापामा धुमधामले धान रोपाइँ हुन सकेको छैन । विगतको तुलनामा यस वर्ष निकै कम मात्रामा रोपाइँ भएको हो । गत वर्ष असार १५ सम्म झापामा १२ प्रतिशतसम्म रोपाइँ भइसकेको थियो । तर यस वर्ष मुश्किलले ८ प्रतिशत मात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी चेतराज भण्डारीले जानकारी दिए । उनले पर्याप्त वर्षा नहुँदा किसानहरुले धुमधामले खेती गर्न नपाएको र मोटर हुने किसानहरुले मात्र सामान्यरुपमा रोपाइँ गरेको जानकारी दिए ।

एक लाख ६० हजार छ सय हेक्टर क्षेत्रफलमा फैलिएको झापामा खेतीयोग्य जमिन ९८ हजार सात सय १६ हेक्टर रहेको छ । त्यसमध्ये ७५ हजार ५५९.१८ हेक्टरमा धान खेती हुने गरेको सूचना अधिकारी भण्डारीले जानकारी दिएका छन् । झापामा ५० दशमलव ५३ प्रतिशत भूभागमा सिँचाइ सुविधा पुगेको छ भने बाँकीमा आकाशे पानीको भरमा खेती हुँदै आएको छ ।

## एमाले राजनीतिमा फर्कने पूर्वराष्ट्रपति भण्डारीको घोषणा

झापा(प्रस) । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पुनः नेकपा एमालेको सक्रिय राजनीतिमा फर्कने घोषणा गरेकी छन्। मदन जयन्तीका अवसरमा भण्डारीले एमालेको राजनीतिमा पुनः सक्रिय भएको औपचारिक घोषणा गरेकी हुन्।

भण्डारीले पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने आफूले पार्टी सदस्यता नवीकरण गरेको बताइन्। 'फरक ढङ्गको राजनीतिक जिम्मेवारीबाट मुक्त भएपछि नेकपा (एमाले) मै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ मैले पार्टी सदस्यता नवीकरण गरेको छु, उनले भनिन्, अब म नेकपा (एमाले) परिवारको एक सदस्यको रूपमा पुनः जोडिएको छु र यसमा म गर्व गर्दछु ।'



भण्डारीले आफ्नो कुनै विशिष्ट महत्वाकांक्षा नरहेको पनि बताइन्। 'देश र जनताको हित नै मेरो ध्येय र लक्ष्य हो। जननेताले भन्ने गर्नुहुन्थ्यो– जनता भनेका भगवान् हुन् । साथै उहाँले भन्नुभएको थियो– राजनीतिमा थकाई भन्ने शब्दावली हुँदैन,'उनले भनिन्,'आज तपाईँहरूका बीचमा हुँदा मदनका यी भनाइहरू मैले पुनः स्मरण गर्दै यहाँ उल्लेख गरेको छु।' व्यवहारका कसीबाट खारिएका यी भनाइलाई आदर्श मानेर आफू समर्पित बनिरहने उनले बताइन्।

उनले भनिन्,'राजनीतिक यात्रामा आजका दिनसम्म आइपुग्दा मलाई राजनीतिक उतारचढावले धेरै कुरा सिकाएका छन्, बुझाएका छन् र थप परिपक्व समेत बनाएका छन्।' भण्डारीले सदाझैँ सबैको सधैँभरि माया र विश्वास पाउने विश्वास व्यक्त गरिन्।

## दुईवटा मोटरसाइकल जुध्दा ३ जनाको मृत्यु , दुई गंभीर घाइते

झापा(प्रस) । सुनसरीमा दुईवटा मोटरसाइकल एकापसमा जुध्दा एक बालकसहित तीनजनाको मृत्यु भएको छ भने दुईजना गंभीर घाइते भएका छन् । शनिवार साँझ ७.२० सुनसरीको रामधुनी नगरपालिका- ७ बासबिटीस्थित चतरा- कान्छीचोक सडकखण्डमा कान्छीचोकबाट कालाबन्जार जाँदै गरेको को ३३ प ९६०५ नं को मोटरसाइकल र बिपरित दिशाबाट आउँदै गरेको प्रदेश १-०२-०५६ प ५८६४ नं को मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो ।




दुर्घटनामा पाँचजना घाइते भएका थिए । घाइतेहरुलाई उपचारका लागि बिपी कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान पठाइएको थियो । प्रदेश १-०२-०५६ प ५८६४ नं को मोटरसाइकल चालक सुनसरी रामधुनी -६ बस्ने ३४ वर्षीय इनर्चन चौधरी र सोही मोटरसाइकलमा सवार उनका छोरा बर्ष ९ का प्रनिश चौधरीको उपचारका क्रममा मृत्यु भएको हो । चौधरीकी श्रीमती बर्ष ३२ की प्रतिक्षा चौधरीको अबस्था गम्भीर रहेको छ ।

त्यस्तै को ३३ प ९६०५ नं को मोटरसाइकलको चालक सुनसरी इनरुवा -६ बस्ने बर्ष ५० का बिन्दु यादवको पनि उपचारका क्रममा मृत्यु भएको छ । उनको मोटरसाइकलमा पछाडी सवार इटहरी -७ बस्ने बर्ष ३५ का रमेश चौधरीको अबस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

## पाँच वर्षीया भतिजीलाई बलात्कार गरी हत्या गर्ने पक्राउ

झापा(प्रस) ।आफ्नै पाँच वर्षीया भतिजीलाई जबरजस्ती करणी गरी हत्या गर्ने एक व्यक्ति पक्राउ परेका छन् ।

मोरङ धनपालथान गाउँपालिका ५ बबिया बस्ने २१ वर्षीय अनिस सरदारलाई प्रहरीले पक्राउ गरेको हो । घटनाको प्रारम्भिक अनुसन्धानका क्रममा अनिसले नावालिकालाई जवरजस्ती करणी गरी कर्तव्य गरी मारी फालेको देखिएको छ । उनलाई आइतवार दिउँसो हाडनातामा जवरजस्ती करणी र ज्यान सम्वन्धी कसुर (कर्तव्य ज्यान) मुद्धामा मोरङ जिल्ला अदालतमा म्याद थपको



लागि उपस्थित गराइएको थियो ।

शनिवार बिहान अन्दाजी ३ बजे मोरङ धनपालथान ५ बबिया बस्ने अक्षय सरदारकी छोरी ५ वर्षकी आत्तिका सरदार हराएको भनेर आफन्तले बिहान ५ बजे प्रहरी चौकी कर्सियामा जानकारी गराएका थिए ।

प्रहरी चौकी कर्सियाबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा वडा नं ५ स्थित दुर्गा आधारभूत विद्यालयको बाहिरपट्टि बाटोको छेउमा ती बालिका मृत अबस्थामा फेला परेकी थिइन् । प्रहरीले शनिवार नै बालिकाका काका अनिसलाई नियन्त्रणमा लिएको थियो ।

## महेन्द्ररत्न माविका विद्यार्थीहरुलाई बधाई

बिर्तामोड(प्रस) । महेन्द्र रत्न माध्यमिक विद्यालय बिर्तामोडले माध्यमिक शिक्षा परीक्षा, एसईईमा उत्तीर्ण अर्थात् ग्रेडेड विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिएको छ। बिर्तामोड ५ मा अवस्थित विद्यालयको नमुना भवनमा भएको उक्त कार्यक्रममा माध्यमिक शिक्षा परीक्षा २०८१ मा उत्तीर्ण हुने र उच्च जीपीए प्राप्त गर्ने विद्यार्थी र तिनका अभिभावकहरूको उपस्थिति रहेको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिचरण शिवाकोटीको सभापतित्वमा भएको कार्यक्रममा बिर्तामोड नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष मदन बुढाथोकी, विद्यालय व्यवस्थापन समिति सदस्य श्रीप्रसाद न्यौपाने, नेत्रप्रसाद खरेल, शिक्षक अभिभावक संघका अध्यक्ष यामप्रसाद भट्टराई, अभिभावक पदमप्रसाद बास्कोटा, विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेललगायतले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए। विद्यालयको इतिहासमा पहिलोचोटि ४ जीपीए प्राप्त गर्ने विद्यार्थी विद्या दाहालगायत चेतन गौतमले विद्यार्थीहरूको तर्फबाट आफ्ना अनुभवहरू राखेका थिए। विद्यालयका सहायक प्रधानाध्यापक केशव प्रसाईले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन विद्यालयका अर्का सहायक प्रधानाध्यापक एवं जीव विज्ञान विषय शिक्षक

❖ बाँकी अन्तिम पृष्ठमा



# पीसीएसले सम्पन्न गर्यो दुई मोडलिङ प्रतियोगिता

झापा(प्रस) ।बालबालिका तथा युवाहरुको व्यक्तित्व विकासको लागि विभिन्न सिर्जनात्मक कार्यक्रम गर्दै आएको पीसीएस प्रोडक्सन इन्टरटेनमेन्ट हाउस बिर्तामोडले दुईवटा महत्वपूर्ण कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ ।

पूर्वका बालबालिका र युवायुवतीलाई प्रतिभा विकास, आत्मविश्वास र नेतृत्व क्षमतामा सक्षम बनाउने उद्देश्यका साथ पीसीएस प्रोडक्सन इन्टरटेनमेन्ट हाउसले असार ७ गते मिस्टर एण्ड मिस रोयल झापा सिजन २ र सुपर लिटल प्रिन्स एण्ड प्रिन्सेस २०२५ भव्यरूपमा सम्पन्न गरेको हो । बिर्तामोडको चिरायु रोयल रिसोर्टमा ती दुई विशेष कार्यक्रम गरिएको आयोजकले पत्रकार सम्मेलन गरी जानकारी दिएका छन् । ४० दिन लामो राष्ट्रियस्तरको प्रशिक्षणपछि करिब ८ लाख रुपैयाँको बजेटमा ती कार्यक्रमहरू सम्पन्न गरिएको संस्थाका सिइओ पुकार कार्कीले बताए । उनले विजेताहरूलाई ३ लाख रुपैयाँ बराबरको पुरस्कार (नगद, उपहार, ब्रान्ड अफर आदि) प्रदान गरिएको जानकारी दिए । साथै अन्तर्राष्ट्रिय प्लेटफर्ममा सहभागी हुन गेटवे टिकट पनि उपलब्ध गराइएको उनको भनाई छ ।



मिस्टर एण्ड मिस रोयल झापा सिजन २ मा प्रेन्सी ओली र पेशल निरौला विजेता बनेका छन् । त्यस्तै फस्ट रनर अप दिपिका माझी र सेकेन्ड रनर अप साम्राज्ञी राज्यलक्ष्मी थपलिया भएका छन् । सो प्रतियोगितामा विशेष उपाधिको रुपमा दिपिका माझीलाई भ्युअर्स अफ च्वाइस , इसिका चाम्लिङ राईलाई मल्टिमिडिया अवार्ड, दिजेश थापा मगरलाई अर्गनाइजर्स च्वाइस र सुहाना थापालाई ब्राण्ड एम्बासेडर घोषित गरिएको थियो ।त्यस्तै सुपर लिटल प्रिन्स एण्ड प्रिन्सेस -२०२५ तर्फ श्रेयांस चौधरी र एन्जल लिङ्देन विजेता बनेका छन् । त्यस्तै अंशु लिम्बू फस्ट रनर अप र प्रनिशा बराल सेकेन्ड रनर अप भएका छन् । विशेष उपाधिको रुपमा श्रेयांस चौधरीलाई भ्युअर्स च्वाइस , युमा पोखरेललाई मल्टिमिडिया च्वाइस , श्रेशक खनाललाई अर्गनाइजर्स च्वाइस र अमी श्रेष्ठलाई ब्राण्ड एम्बासेडर घोषित गरिएको छ ।

संविधानसभाका सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा मिस्टर सगरमाथा तथा बेस्ट इभेन्ट कोरियोग्राफर अर्शु महर्जन , फेसन डिजाइनर बिबेश राई र मोडल तथा फेसन डिजाइनर गीत बस्नेत निर्णायक रहेका थिए । पीसीएस प्रोडक्सन इन्टरटेनमेन्ट हाउस २०७७ मा स्थापना भएको हो । पूर्वको एक अग्रणी संस्थाको रुपमा रहेको पीसीएसले हालसम्म ८ वटा सौन्दर्य प्रतियोगिता र थुप्रै सहकार्यात्मक कार्यक्रमहरू सफलता साथ सञ्चालन गरिसकेको म्यानेजिङ डाइरेक्टर चेतनसिंह बस्नेतले बताए । उनले आगामी कार्यक्रमको रुपमा मिस्टर एण्ड मिस मोडल आइकन - २०२५ र पूर्वाञ्चल लिटल राइजिङ स्टार -२०२५ गर्न लागिएको जानकारी दिएका छन् ।

# नेपालले लाओसलाई ९-० गोलअन्तरले हरायो



झापा(प्रस) । उज्वेकिस्तानमा जारी एएफसी महिला एसियन कप छनोटअन्तर्गत लाओसविरुद्धको खेलमा नेपाल विजयी भएको छ । नेपालले लाओसलाई ९-० गोलअन्तरले पराजित गरेको हो । नेपालका लागि पहिलो पटक कप्तानी गरेकी सावित्रा भण्डारी 'साम्बा' एक्लैले चार गोल गरिन् ।

यस्तै अनिता बस्नेत, सरु लिम्बू, अनिता केसी र रश्मीकुमारी घिसिङले एक- एक गोल गरे । लाओसले एउटा आत्मघाती गोल गरेको थियो ।

नेपालले पहिलो हाफमा २-० गोलको अग्रता लिएको थियो । सावित्रा भण्डारी 'साम्बा'ले कप्तानी गरेको खेलमा नेपालले पहिलो हाफमा लाओसविरुद्ध २-० गोलको अग्रता लिएको थियो । नेपालले खेलको सुरुवातमा नै अग्रता बनायो । खेलको १२औँ मिनेटमा अनिताले गोल गरिन् । सविता राना मगरको क्रसमा साम्बाको हेडरपछि उनले गोल गरिन् । यस्तै खेलको ४४औँ मिनेटमा नेपालका लागि अनिताको क्रसमा सावित्राले गोल गरिन् ।

दोस्रो हाफमा नेपालले थप ६ गोल गरेको थियो । खेल सुरु भएको दोस्रो मिनेटमै नेपालका लागि सरु लिम्बूले गोल गरिन् । यस्तै खेलको ५५औँ मिनेटमा साम्बाले व्यक्तिगत दोस्रो गोल गरिन् । उनले खेललाई ४-० गोलको अवस्थामा पुर्याइन् । लगत्तै रश्मीकुमारी घिसिङले गोल गरिन् । नेपालले खेलको ७५औँ मिनेटमा साम्बाले ह्याट्रिक पूरा गरिन् । त्यसको एक मिनेटपछि साम्बाले नै व्यक्तिगत चौथो गोल गर्दै नेपाललाई ६-० गोलको अग्रता दिलाइन् ।

यस्तै खेलको ८३औँ मिनेटमा नेपालका लागि अनिता केसीले गोल गरिन् । नेपालले ८-० गोलको अग्रता बनायो । खेलको ८८औँ मिनेटमा साम्बाको प्रहार लाओसका खेलाडीको खुट्टामा लाग्दै गोलमा परिणत भयो । योसँगै नेपालले तीन अङ्क जोडेको छ । आइतवारको खेल नेपालको १००औँ अन्तर्राष्ट्रिय खेल हो । नियमित कप्तान तथा गोलकिपर एन्जिला तुम्बाप्पो सुब्बालाई आइतवार आराम गर्न दिइएको थियो । नेपाल रहेको समूह 'एफ' मा लाओसका साथै उज्वेकिस्तान र श्रीलङ्का रहेका छन् ।

# गोमेन्द्र बिर्ता मोडेलले सार्वजनिक गर्यो शुल्क सूची

बिर्तामोड, असार १४ । झापाको बिर्तामोड-४ मुनाल टोलस्थित गोमेन्द्र बिर्ता मोडेल स्कुलले कक्षा ११ र १२ मा पढाइ हुने बिषयहरुको शुल्क सूची सार्वजनिक गरेको छ । शनिबार विद्यालयमा आयोजित पत्रकारसम्मेलन मार्फत विद्यालयले कक्षा ११ र १२ मा पढाई हुने विषयहरुको शुल्क सूची सार्वजनिक गरेको हो ।

कार्यक्रममा कक्षा ११ र १२ मा



गोमेन्द्र स्कुलले होटल मेनेजमेन्ट, कम्प्युटर साइन्स र विजनेश स्टडिज विषयमा अध्यापन गराउँदै आएको विद्यालयका निर्देशक उत्तम खनालले जानकारी दिए ।

विर्तामोड क्षेत्रमा मध्यम र न्यून वर्गीय विद्यार्थीहरु पढ्न आउने भएकाले सस्तो शुल्कमा गुणस्तरीय शिक्षा दिन गोमेन्द्र बिर्ता मोडेल प्रतिबद्ध रहेको निर्देशक खनालले बताए ।

गोमेन्द्र बिर्ता मोडेलले अत्याधुनिक र सुविधासम्पन्न प्रयोगशालामा दैनिक प्रयोगात्मक कक्षाहरुको माध्यमबाट होटल मेनेजमेन्ट पठनपाठन गराउँदै आएको विद्यालयका भाइस प्रिन्सिपल तीर्थ दाहालले जानकारी दिए । गोमेन्द्रले होटल मेनेजमेन्ट अन्तर्गत कक्षा ११ मा भर्ना शुल्क, मासिक शुल्क र प्रयोगात्मक शुल्क गरि ८५ हजार तोकिएको उनले बताए । त्यस्तै मलेसियाको लिंकल युनिभर्सिटीसँगको सहकार्यमा डुवल कोर्षका लागि २ लाख ५० हजार, एक्ज्युकेटिभ प्रोफेसनल डिप्लोमा ३ लाख ७० हजार, प्रोफेसनल डिप्लोमा इन कलिनरी आर्टसमा ३ लाख ३० हजार र एक्ज्युकेटिभ प्रोफेसनल डिप्लोमा इन कलिनरी आर्टसमा ५ लाख १० हजार शुल्क तोकिएको निर्देशक खनालले जानकारी दिए ।

त्यस्तै प्रोफेसनल डिप्लोमाका लागि २ लाख ५० हजार, एक्ज्युकेटिभ प्रोफेसनल डिप्लोमा २ लाख ६० हजार, डिप्लोमा इन कलिनरी आर्टसमा २ लाख २० हजार र एक्ज्युकेटिभ प्रोफेसनल डिप्लोमा इन कलिनरी आर्टसमा ४ लाख शुल्क तोकिएको खनालले जानकारी दिए । उल्लेखित सबै कार्यक्रमहरुमा परीक्षा रजिष्ट्रेशनका लागि अतिरिक्त १२० डलर लाग्ने बताइएको छ ।

त्यस्तै सिटिइभिटी अन्तर्गत वारिष्टा, वेटर/वेट्रेस, बारटेण्डर, रिसेप्सनिष्ट आदिको छोटो अवधिको तालिमसमेत विद्यालयले प्रदान गर्दै आएको प्रिन्सिपल गीता ढकालले जानकारी दिइन् ।

होटल मेनेजमेन्ट अध्ययन गर्ने विद्यार्थीका लागि होटल मेची क्राउन, मेरियट होटल, मे फेयर होटल, रोयल अर्किड, वेदान्त ताज, र्याडिसन, जेबियल ग्रुप अफ होटल, एक्प्रेस इन, रमदा आदिमा इन्टर्नको व्यवस्था गरिएको छ ।

कम्प्युटर साइन्स अध्ययन गर्ने विद्यार्थीहरुका लागि भर्ना शुल्क ८ हजार, मासिक शुल्क ४ हजार तथा विजनेश स्टडिज गर्नेहरुका लागि भर्ना शुल्क ८ हजार र मासिक शुल्क तीन हजार पाँच सय तोकिएको प्रिन्सिपल ढकालले बताइन् ।

## शव्दखेतीप्रति...

कुरा आफ्नो सिर्जनामार्फत कविले उठान गरेका छन् ।

हिलो मैलो बर्खा हिउँद बटुली
अन्न रसिलो
खनी खोम्नी खाने असल पसिना
दिप्त कण हो
जहाँ मोती फल्ने रहर
करमा उर्वर अहो
न हेपौँ आस्थाको सगर भरि ऊ
स्वर्ग सरि हो
भूमध्य शून्यरेखा अक्षांश
नाप्न सक्छु
देशान्तरादि सिङ्गो पृथ्वी
छिचोल्न सक्छु
खोल्सा नदी समुद्री
बाटो किनार मेरो
वर्षा भई म बाँचूँ
इच्छा छ यही मेरो
म फूल एक कोपिला उदात्त बाग
रोज्दछु
सदा उचाइ भावमा घुमी
सुगन्ध छर्दछु
नहेर सानु अर्थमा अनन्त
काव्य बोल्दछु
सधैँ म जोर हातले
नमामि मातृ भन्दछु

कविले आफ्नो कृतिमा कतै कतै अलिक झिनो मसिनो व्यङ्ग्य पनि पोख्न भ्याएका छन्, देशमा व्याप्त कुरीति, कुसङ्गति, राष्ट्र संयन्त्रमा मौलाएको भ्रष्टाचार र अराजकता माथि पेचिलो वाण प्रहार गरेका छन् । त्यति मात्र होइन हरेक मानिसलाई असल मानव बन्नका लागि विश्व समुदायमा केही न केही राम्रो गर्नैपर्छ भन्ने सन्देश कवितामार्फत व्यक्त गरेका छन् । संस्कार संस्कृति र हाम्रा मौलिक मूल परम्पराहरूलाई आत्मसात गर्दै असल कर्ममा सदैव लागि पर्न समग्र मानव समुदायलाई प्रेरणा दिलाएका छन् ।

अनेकौँ अनुभवबाट खारिएका लामो समयदेखि साहित्यमा साधनारत भएर पनि आफ्नो कृति लिएर पहिलो पटक नेपाली साहित्य जगतको खुड्किलामा चढ्न थालेका कवि भट्टराईको आगामी दिन अझ सशक्त र परिष्कृत बन्न सकोस् उच्चकोटिको जीवन यापनको लागि अनन्त शुभकामना व्यक्त गर्दछु । जय साहित्य !

## महेन्द्ररत्न...

तुलसीराम खरेलले गरेका थिए। २०८१ सालको एसइइ परीक्षामा विद्यालयले ७१ प्रतिशत परिणाम प्राप्त गरेको छ। ११ जना विद्यार्थीहरूले ३.६ जीपीए बढी अङ्क प्राप्त गर्न सफल भएका छन् भने जम्मा १०७ जना विद्यार्थीहरु कक्षा ११ वा माथिल्ला विभिन्न विषय र संकायमा पढ्नको लागि योग्य बनेका छन्। ४३ जना विद्यार्थीहरू श्रावण अन्तिम सातादेखि सुरु हुने ग्रेडवृद्धि परीक्षामा सामेल हुने प्रधानाध्यापक खरेलले जानकारी दिएका छन् । यसपटकदेखि विद्यालयको भर्खरै नवनिर्मित नमुना भवनमा कक्षा ११ र १२ का कार्यक्रमहरू सञ्चालन हुने सहायक प्रधानाध्यापक केशव प्रसाईले जानकारी दिए। विद्यालयमा प्रयोगशाला कार्य , पुस्तकालय, विद्यार्थी परामर्श, साईकोसोसियो परामर्श, वृत्ति विकास सम्बन्धी परामर्श, खेलकुद, शैक्षिक भ्रमण, परियोजना कार्यहरू, सूचना प्रविधि युक्त शिक्षण सिकाई आदि विधिमार्फत विद्यार्थीको चौतर्फी विकास गरिने शिक्षक इन्दिरा वस्ती बताउँछिन्। विद्यालयले थप अतिरिक्त कक्षाहरू सञ्चालन गरेर कमजोर विद्यार्थीको स्तर माथि उठाउन सक्दो प्रयास गरिरहेको शिक्षक गोविन्दप्रसाद भण्डारीले बताए।

विद्यालयले भौतिक र शैक्षिक रुपमा फड्को मारिसकेको र विद्यालयले पूर्वको रत्न महेन्द्र रत्नको रुपमा पहिचान बनाइसकेको अनुभव शिक्षक युवराज कट्टेललगायतले गरेका छन्। विद्यालयमा विद्यार्थी, शिक्षक र अभिभावक तीन प्रमुख अङ्ग रहनेमा अब उक्त विद्यालयमा भूतपूर्व विद्यार्थी समाज चौथो स्तम्भको रुपमा उदाएको समाजका उपाध्यक्ष मदनगोपाल सुब्बा बताउँछन्। उक्त समाजले विद्यालयको भौतिक पूर्वाधार निर्माण, अतिरिक्त क्रियाकलाप, विद्यार्थीका विशेष क्षमताको पहिचान गरी क्षमता विकास गराउने, शिक्षक तथा पूर्व शिक्षक सम्मान, अक्षय कोषको व्यवस्थापन, चिसोपानी प्लान्ट, फिल्टर प्लान्ट, फोहोर व्यवस्थापन, आदि कार्यमा सहयोग पुऱ्याइरहेको छ। विद्यालय परिसरको अगाडि भद्रपुर रोडको किनारमा फुलबारी निर्माण तथा वृक्षारोपण गरी चौतारा निर्माण गरिएको जसले विद्यालयको परिसर सफा सुन्दर र हरियाली युक्त बनाउन सहयोग गरेको वडाध्यक्ष मदन बुढाथोकीले बताए। अटिजम स्रोत कक्षा समेत सञ्चालन गरेको विद्यालयले कक्षा ११/ १२ मा विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षा समूहका विषयहरूमा नयाँ भर्ना खुल्ला गरेको छ। विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १२ सम्म अङ्ग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन हुँदै आइरहेको छ।


## डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश

## सदस्यता नवीकरण सम्बन्धी अत्यन्तै जरुरी सूचना

प्रथमपटक प्रकाशित मितिः २०८२।०३।१३

नेपाल अलैंची व्यवसायी महासंघ बिर्तामोड झापाको आसन्न ५औं अधिवेशनको प्रयोजनका लागि सदस्यता नवीकरण कार्यक्रम २०८२ असार मसान्तसम्म रहेकाले आफ्नो फर्म/उद्योगको सदस्यता नवीकरण गर्न हुन सबै साधारण सदस्यज्यूहरुमा सूचनासहित अनुरोध गर्दछु ।

अनिलप्रसाद ढुंगाना
कार्यकारी अधिकृत
नेपाल अलैंची व्यवसायी महासंघ (९८५२६७११५५)

## जलवायु परिवर्तनको असरबाट जोगिऔं

जलवायु परिवर्तनका असरः
- हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,

तापक्रममा वृद्धि हुने,
- जलवायु परिवर्तनबाट बच्नः
- नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- रूख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारी साधनको प्रयोग नगरौं
- जलवायु शिक्षामा जोड दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सामाजिक सञ्जालमा रोपाइँ

नेपाल कृषिप्रधान देश हो भनेर हामीले पुस्तौंदेखि सुन्दै आइरहेका छौं। अझ असार १५ अर्थात् राष्ट्रिय धान दिवस त किसानको श्रम, माटोको सुवास र वर्षाको संगीतसँग गाँसिएको पर्वसरह मानिन्छ। तर पछिल्ला वर्षहरूमा यो फिका बन्दै गएको छ।

किनकि किसानका खेतहरू बाँझै छन्। सामाजिक सञ्जालमा हरियाली छाएको छ। तस्बिरहरू देखाउनै लागि मात्र पनि पोस्ट गरिएका छन्। राष्ट्रप्रमुख रामचन्द्र पौडेलबाट शुभकामना मात्र होइन, खेतमा कोदालो चलाएका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छाएका छन्। त्यस्तै मलसमेत दिन नसक्ने मन्त्री र नेताहरूले दिएका भाषण र शुभकामनाले सञ्जाल भरिएको छ। यस्तो लाग्छ, 'टचस्क्रिन' मा धान रोपिन थालेको छ, माटोले हात चुम्न छाडेको छ।

पहिला यस्तो थिएन, त्यतिबेला असार १५ आउनु भनेको गाउँका किसानका लागि उत्सवभन्दा कम हुन्नथ्यो। बिहानको पानीले भिजेको खेतमा लाठेको कोदाली रोपारका भाकासँगै बालबालिकाको छपछपीले असार रौनकमय बन्थ्यो।

तर आजको असार १५ नारामा सीमित बनेको छ। कृषिमा लगानी नगरेको, आधुनिक प्रविधि भित्र्याउन नसकेको र समयमै मल र सिँचाइ नपुगेको देशले आत्मनिर्भरता केवल कागजमा मात्रै सीमित बनेको छ। चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा करिब ३९ अर्ब रुपैयाँको धान-चामल आयात हुनु त्यसको ज्वलन्त उदाहरण हो।

सात लाख मेट्रिक टनभन्दा बढी चामल आयात भएको छ, भारत, अमेरिका, जापान, इटाली, थाइल्यान्ड, नामिबियाजस्ता देशहरूबाट। मसिनो, बास्नादार, स्वादिलो विदेशी चामल नेपालीको भान्सामा पसिसकेको छ। नेपालीले प्रतिवर्ष एक सय २१ किलो चामल चाहिनेमा एक सय ३८ किलो उपभोग गरिरहेको तथ्यांक सार्वजनिक भएको छ। यसो हुनुमा एकातिर खेतीयोग्य जमिन बाँझिएको छ, अर्कातिर खेतमा खटिने उमेरका युवा बिदेसिएका छन्। जसका काँधमा रोपाइँको कोदाली हुन्थ्यो, उनीहरू अहिले कतार, मलेसिया, दुबईका निर्माण साइटहरूमा पसिना बगाइरहेका छन्।

बाँकी गाउँमा रहेका वृद्ध, महिला र बालबालिकाको मात्र भरोसामा खेती सम्भव छैन। त्यसो त सबैतिर खेती सकिएको छैन। परम्परागत खेती प्रणाली अझै पनि कायम छ। उन्नत बीउ, समयमै मलको आपूर्ति, सिँचाइको सुविधा र आधुनिक यन्त्रहरूको अभावले गर्दा उत्पादन घट्दो छ।

अहिले प्रतिहेक्टर धान उत्पादन ४.२ मेट्रिक टनमा सीमित छ। विज्ञहरू भन्छन्, 'उत्पादन ६ टन पुऱ्याउन सकियो भने आयात घट्न सक्छ तर त्यसका लागि राज्यको स्पष्ट नीति र कार्यान्वयन क्षमता हुनु जरुरी छ।' सरकारले चैते धान प्रवर्द्धन, उन्नत बिउ वितरण, मल अनुदान र २२ जिल्लामा धान विस्तार कार्यक्रम ल्याएको छ। यो सन्दर्भमा ३३ करोड रुपैयाँ लगानी गरिएको बताइएको छ।

त्यसैले अब समय आएको छ, धान दिवसलाई केवल एक दिनको उत्सवमा सीमित नबनाएर वर्षभरको योजनाको स्थायित्वमा जोड दिने। अब युवालाई कृषि रोजगारीसँग जोड्नुपर्छ, जसका लागि कृषिमा उद्यमशीलता, सहकारी प्रणालीको सुदृढीकरण र न्यूनतम समर्थन मूल्यको ग्यारेन्टी आवश्यक छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संस्थानको वित्तीय अनुशासन



• शिवराम न्यौपाने

मुलुकमा हाल विभिन्न औद्योगिक, व्यापारिक, सेवा, सामाजिक, जनउपयोगी र वित्तीय क्षेत्रमा गरी ४५ वटा सार्वजनिक संस्थान सञ्चालनमा छन् । जसमध्ये २० वटा पूर्ण सरकारी स्वामित्वका र २५ वटा सरकारको अधिकांश स्वामित्वमा रहेका छन् ।

हाल सञ्चालनमा रहेका कुल ४५ वटा सार्वजनिक संस्थानमध्ये २८ वटा खुद नाफामा र १५ वटा खुद नोक्सानीमा (दुई वटा संस्थानको कारोबारको अवस्था यकिन नभएको) सञ्चालित छन् । यी संस्थानको आर्थिक वर्ष २०८०/८१ मा खुद नाफा ४२ अर्ब ६२ करोड १६ लाख छ, जुन गत आवको तुलनामा १२.८८ प्रतिशतले कम हो । नोक्सानीमा रहेका संस्थानको खुद नोक्सानी तीन अर्ब ६३ करोड ६५ लाख छ । नाफामा रहेका संस्थानको खुद नाफा गत आवको तुलनामा ११.५ प्रतिशतले घटेको छ भने नोक्सानमा रहेका संस्थानको खुद नोक्सानी गत वर्षको तुलनामा ८.६५ प्रतिशतले बढेको छ । यस अवस्थाले संस्थानहरूको वित्तीय अनुशासन सुधारोन्मुख नभएको सहज अनुमान गर्न सकिन्छ । यसरी वित्तीय अनुशासन कायम हुन नसक्नुमा मूलतः संस्थानको सञ्चालक समितिको असक्षमता भएको तथ्य यकिन गर्न सकिन्छ । सञ्चालक समितिले संस्थानको उद्देश्य एवं वर्तमान सन्दर्भ अनुकूल काम गर्न नसक्नुका पछाडि के कारण छ । यसमा को जिम्मेवार छ भन्ने विषयमा विश्लेषण हुनु आवश्यक छ ।

सार्वजनिक संस्थान मुलुकको आर्थिक एवं सामाजिक विकासका मुख्य आधार हुन् । देशको समग्र विकासका लागि निजी क्षेत्र सबल नभएसम्म सार्वजनिक संस्थानको सक्रियता जरुरी भएको हुन्छ । विसं २०४७ को राजनीतिक परिवर्तनपश्चात् आठौँ योजना अवधिमा सरकारी स्वामित्वका संस्थान निजीकरण गर्ने कार्यले तीव्रता पायो । यसका पछाडि मूलतः उदारवादको विश्वव्यापी लहरसँगै नेपालले विसं २०४० को दशकदेखि अवलम्बन गरेको आर्थिक उदारीकरणको नीति र सार्वजनिक संस्थानको बढ्दो आर्थिक दायित्व जस्ता कारण थिए । सार्वजनिक संस्थान आत्मनिर्भर हुनेतर्फ भन्दा सरकारप्रति निर्भर रहने प्रवृत्ति लामो समयसम्म रह्यो । संस्थान सञ्चालक समितिमा राजनीतिक आस्थाका आधारमा असक्षम एवं अयोग्य व्यक्तिलाई नियुक्ति गर्ने विकृतपूर्ण प्रतिस्पर्धाले प्राथमिकता पाएका कारण संस्थानको सुधारमा भन्दा सेवा सुविधा र अनुचित लाभ हासिल गर्ने प्रवृत्ति बढ्यो । जसका कारण वित्तीय अनुशासन कायम हुन सकेन । संस्थान निरन्तर घाटामा सञ्चालन हुन थाले । सरकारी आर्थिक दायित्व कम गर्ने बहानामा कमिसन एवं निहित स्वार्थबाट प्रेरित भई कौडीको मूल्यमा संस्थान निजीकरणसमेत गरियो । हाल निजीकरण भएका संस्थान निजीकरणको उद्देश्य अनुरूप सञ्चालन हुन सकेका छैनन् । यसबाट सार्वजनिक संस्थान निजीकरण गर्ने राज्यको नीति सफल हुन नसकेको सहज अनुमान गर्न सकिन्छ ।

सरकारको आर्थिक दायित्व कम गर्ने, निजी क्षेत्रको लगानी एवं उत्पादकत्व वृद्धि गर्ने र सार्वजनिक संस्थानलाई व्यावसायिक गराई क्रमशः आत्मनिर्भर गराउँदै लैजाने उद्देश्यले संस्थानको निजीकरण गर्ने रणनीति लिइएको थियो । निजीकरण एवं खारेजीमा गएका कुल ३० वटा सार्वजनिक संस्थानमध्ये १८ वटा निजीकरण भएकोमा १० वटा नाफामा सञ्चालन भएको पाइएको छ । निजीकरण ऐनबमोजिम खारेज भएका १२ वटा संस्थानमध्ये हालसम्म कृषि चुन उद्योग लिमिटेडको मात्र कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता खारेज भई कानुनी रूपमा अस्तित्व समाप्त भएको छ भने अन्य अधिकांश संस्थानको कानुनी प्रक्रिया पूरा हुन नसकेका कारण अन्योलको अवस्था छ । सार्वजनिक संस्थान निजीकरण गरी आत्मनिर्भर गराउने र सरकारको प्रशासनिक एवं आर्थिक भार कम गर्ने मुख्य उद्देश्य लिइएको भए पनि निजीकरणको उद्देश्य अनुरूप राजनीतिक एवं प्रशासनिक नेतृत्व इमानदार भई जिम्मेवारी निर्वाह नगर्दा यो नीति सफल हुन सकेन । जसका कारण मुलुकको आर्थिक एवं सामाजिक विकासका लागि तयार भएका महत्वपूर्ण आधारभूत संरचना ध्वस्त भए । यसको जवाफदेहिताको खोजी र विश्लेषण गर्न आवश्यक छ ।

हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये नाफामा रहेका संस्थानको खुद नाफाको अनुपात घट्दो अवस्थामा र नोक्सानमा रहेका संस्थानको खुद नोक्सानीको अनुपात बढ्दो छ । सार्वजनिक संस्थानको प्रशासनिक खर्च पनि बढ्दो छ । सार्वजनिक संस्थानमा अझै पनि सरकारको अधिकांश स्वामित्व भएका कारण यस्ता संस्थानको प्रत्यक्ष तथा सम्भावित दायित्वसमेत सरकारले बेहोर्नुपर्ने अवस्था छ । लामो समयदेखि घाटामा रहेका, बन्द रहेका तथा सरकारी लगानी व्यवस्थापन भइसकेका संस्थानमा समेत सरकारले लगानी तथा सहायता गरिरहनुपर्ने छ । यस अवस्थाले संस्थानको वित्तीय अनुशासन कमजोर रहेको स्पष्ट हुन्छ । आत्मनिर्भर भई सञ्चालन हुनुपर्ने संस्थानको वित्तीय अवस्था कमजोर हुँदा वित्तीय जोखिम बढ्दै गएको छ । सार्वजनिक संस्थानको समग्र व्यवस्थापन कमजोर हुनुमा सञ्चालक समिति, प्रशासनिक नेतृत्व, तालुक निकायको नेतृत्व तहको ध्यान पुग्न नसकेको स्पष्ट हुन्छ । सार्वजनिक संस्थानमा पर्याप्त लगानी र स्वायत्तता हुँदाहुँदै वित्तीय अवस्था कमजोर भई रहनुमा जागिरे मानसिकता एवं सरकारप्रतिको लाचारी निर्भरताको प्रवृत्ति हाबी रहेको यकिन गर्न सकिन्छ । यस सन्दर्भमा सार्वजनिक संस्थान सञ्चालन एवं व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्व एवं प्रशासनिक नेतृत्वलाई जिम्मेवार र जवाफदेही गराउने व्यवस्था गर्नु अपरिहार्य छ ।

सार्वजनिक पुँजीगत वा गैरपुँजीगत स्रोत उपयोग गरी नाफा देखाउने र असीमित सेवा सुविधा लिने प्रवृत्ति बढेको छ । वित्तीय अवस्था मजबुत भएका केही सार्वजनिक संस्थानको अस्वाभाविक सेवा सुविधाको देखासिकी अन्य संस्थानमा पनि बढ्दै गएको छ । तलबबाहेकका सेवा सुविधा सरकारी अनुदानबाट लिन राजनीतिक पहुँच र दबाबमा निर्णय गरिएको छ । यसतर्फ तालुक निकायको ध्यान पुग्न सकेको छैन । प्रचलित कानुनबमोजिम सिर्जित दीर्घकालीन दायित्वको भुक्तानीका लागि सार्वजनिक संस्थानले आवश्यक कोषको व्यवस्था नगर्दा भविष्यमा वित्तीय जोखिम आउने सम्भावना छ । कोषमा व्यवस्था नभएका दायित्वको अवस्था हेर्दा आर्थिक वर्ष २०८०/८१ मा अघिल्लो वर्षको तुलनामा १८.४३ प्रतिशतले वृद्धि भई ६२ अर्ब ६१ करोड ३१ लाख पुगेको छ । यस्ता दायित्व बेहोर्ने सम्बन्धमा सम्बन्धित निकाय कठोर र निर्मम हुनु जरुरी छ ।

वित्तीय अनुशासन कायम गर्ने मुख्य आधार नियमित लेखा परीक्षण र अनियमित खर्चको नियन्त्रण नै हो । लेखा परीक्षणलाई कानुनले तोकेको प्रक्रिया र समय सीमाभित्र सम्पन्न गर्नु संस्थानको अनिवार्य दायित्व भए पनि नियमित रूपमा लेखा परीक्षण गराउने कार्यलाई संस्थागत गर्न सकिएको छैन । आव २०८०/८१ सम्म २१ वटा संस्थानले मात्र नियमित अन्तिम लेखा परीक्षण गराएको देखिन्छ । यस सन्दर्भमा अनियमित एवं अनुत्पादक खर्च कटौती गर्ने कार्यलाई अभियानका रूपमा अगाडि बढाइनु पर्छ । निजी क्षेत्र सबल हुँदै गएका क्षेत्रमा रहेका संस्थानको भद्दा सङ्गठन संरचना एवं अनावश्यक दरबन्दी कटौती गर्ने कार्यलाई प्राथमिकता दिइनु पर्छ ।

कानुनी एवं प्रक्रियागत कठिनाइ देखाई अनावश्यक कर्मचारी राख्ने र कार्य जिम्मेवारी नै नभएका पदाधिकारीलाई तलब सुविधा दिने प्रवृत्तिलाई पूर्णत नियन्त्रण गर्नु पर्छ । बजार प्रतिस्पर्धामा कमजोर देखिएका साथै निजी क्षेत्रबाट उपलब्ध सेवा सुविधाका कारण आवश्यक नदेखिएका संस्थान बन्द गरी सरकारको अनावश्यक आर्थिक दायित्व घटाउने कार्यलाई प्राथमिकता दिनु पर्छ । सार्वजनिक संस्थानमा हुने गरेको खर्चको सूक्ष्म विश्लेषण गरी देखिएका वित्तीय विकृतिको नियन्त्रण गर्न राजनीतिक नेतृत्व बढी जिम्मेवार र अग्रसर हुनु आवश्यक छ ।

नियमित लेखा परीक्षण नगर्ने र लेखा परीक्षणबाट देखिएको वित्तीय कमजोरीमा सुधार नगर्ने निकायको अनुदानलगायतका सुविधा रोक्नेतर्फ अर्थ मन्त्रालयले हिम्मत गर्नु पर्छ । लामो समयसम्म बन्द भएका र आंशिक रूपमा सञ्चालनमा रहेका संस्थान व्यवस्थापन गर्न भएका अध्ययन प्रतिवेदनका आधारमा संस्थान सञ्चालन वा खारेज गर्ने कार्य प्राथमिकता दिनु आवश्यक छ । निर्णय ढिलो हुँदा यस्ता संस्थानको अचल सम्पत्तिमाथिको अतिक्रमण र दुरुपयोग नियन्त्रण गर्ने कार्य अझै चुनौतीपूर्ण हुँदै गएको छ ।

राजनीतिक आस्था, प्रलोभन, पहुँचका आधारमा विभिन्न वहानामा व्यक्ति, संस्था, समुदाय, दल वा भ्रातृ संस्थाका नाममा गएका सार्वजनिक संस्थानको अचल सम्पत्ति फिर्ता गर्ने गराउने कार्यमा सम्बन्धित राजनीतिक एवं प्रशासनिक नेतृत्व जिम्मेवार हुनु जरुरी छ । सार्वजनिक संस्थानको वित्तीय अनुशासन कायम गरी समग्र अवस्था सुदृढ गराउन सञ्चालक समितिको नेतृत्व नै बढी जिम्मेवार हुने भएका कारण संस्थानका प्रमुख कार्यकारी अधिकृतको नियुक्तिलाई निष्पक्ष, पारदर्शिता र योग्यता प्रणालीमा आधारित बनाउँदै खुला प्रतिस्पर्धाबाट योग्य एवं अनुभवी व्यक्तिलाई छनोट गर्न एकीकृत कानुनी एवं कार्यविधिगत व्यवस्था गर्नु आवश्यक छ ।

# समृद्धितर्फको यात्रा



• नगेन्द्रराज पौडेल

देशमा केही भएन, केही गरिएन भन्ने नकारात्मक सोच भएका नागरिकको अभाव छैन । कहीँ कतै आशाको टुकी बल्न थाल्यो भने पनि त्यसलाई सकारात्मक रूपमा ग्रहण गर्ने आदत आजपर्यन्त अभाव नै छ । गत साता मात्र प्रधानमन्त्री केपी शर्मा ओलीले एक कार्यक्रममा भन्नुभएको थियो, "म यस देशको विकासका लागि निरन्तर अघि बढेको छु, खटेको छु तर एकथरीले मलाई गाली गर्नु मात्र मिसन बनाएका छन् । म छक्क पर्छु ।" साँच्चै हाम्रो अवस्था प्रधानमन्त्रीले भन्नुभए जस्तो छ । आफ्नो मानो खाएर अर्कोलाई सत्ते सराप गर्नु अधिकांश नेपालीको दिनचर्या नै बनेको छ । हरेकसँग निरासा र नकारात्मक भावना एवं असहिष्णु प्रवृत्ति हाबी बन्दै गएको छ । यो आजको सबैभन्दा ठुलो समस्या हो । नकारात्मक चिन्तनबाट सकारात्मक प्राप्ति सम्भव छैन ।

**आशा जगाउने काम**

भनिन्छ, जहाँ भ्यागुतो बस्छ, त्यहाँ कमल पनि फुल्छ । हामीकहाँ निराशाका बिचमा पनि आशा जगाउने थुप्रै काम भएका छन् । तिनलाई प्रचारप्रसार गर्ने काममा तीव्रता दिन जरुरी छ । 'समृद्ध नेपाल, सुखी नेपाली' को परिकल्पना सरकारले गरेको छ । उक्त परिकल्पनालाई विभिन्न कार्यक्रम, विकास, निर्माण र सकारात्मक सोचका साथ सार्थक तुल्याउनु आजको आवश्यकता हो । यसका लागि विकास अभियानमा सरकारलाई साथ दिनु आमनागरिकको कर्तव्य पनि हो । केही हुँदैन, केही भएकै छैन भन्ने गलत तर निराशाजनक भाष्यका बिच अघिल्लो साता दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा १ सय १२.१ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पत्ता लागेको छ। यो अहिलेसम्मकै सबैभन्दा ठुलो तथा महत्वपूर्ण उपलब्धि हो । खानी तथा भूगर्भ विभागका अनुसार चाइना जिओलोजिकल सर्भेको भौगर्भिक अध्ययन र चीनकै सिएनपिसी सिबु इन्जिनियरिङ कम्पनीले गरेको ड्रिलिङका आधारमा प्रारम्भिक प्रतिवेदन अनुसार ठुलो परिमाणमा मिथेन ग्यास भएको पत्ता लागेको हो ।

चिनियाँ विज्ञ टोलीले गरेको अध्ययन अनुसार नेपाललाई ५० वर्ष पुग्ने मिथेन ग्यास पत्ता लागेको छ । अब परीक्षण उत्पादन गरेर त्यसको यकिन गर्ने भन्दै खानी तथा भूगर्भ विभागले आवश्यक प्रक्रिया अघि बढाएको छ । प्रधानमन्त्री ओलीले उक्त ग्यास एक वर्षभित्र उपयोगमा ल्याउन सकिने गरी गम्भीरतापूर्वक लाग्न सम्बन्धित अधिकारीलाई निर्देशन दिँदै आवश्यक बजेट र सहजीकरणका लागि सरकारबाट कुनै कमी नहुने बताउनुभएको छ ।
प्रधानमन्त्रीले पूर्वी नवलपरासीमा फलाम खानीको सम्भाव्यता अध्ययनका लागि धौँवादी फलाम कम्पनी लिमिटेडले ड्रिलिङ कार्य गरिसकेकाले उक्त कार्य पनि अघि बढाउन निर्देशन दिनुभएको छ । उहाँले २०८५ सालअघि नै फलाम/स्टिल उत्पादन गरी बिक्री र उपयोगमा ल्याउने गरी अघि बढ्न सुझाउनुभएको छ । उक्त क्षेत्रमा नेपालका लागि आगामी एक सय वर्षलाई पुग्ने करिब ९९ मिलियन टन फलामको धाउ भण्डार उत्खनन गर्न सकिने सो कम्पनीले जनाइसकेको छ ।

देशको आर्थिक समृद्धिका लागि यी दुई उपलब्धि चानेचुने होइनन् । विगतमा किनेर बिजुली बाल्ने नेपालले आज भारत र बङ्गलादेशलाई बिजुली बेच्न सक्ने सामर्थ्य हासिल गरेको छ । दैलेखमा पत्ता लगाइएको उक्त ग्यास र पूर्वी नवलपरासीको फलाम उत्खनन्ले सार्थकता पाउँदा साथ आर्थिक हिसाबले देशले काँचुली त फेर्छ नै, छिमेकी देशलाई पनि ग्यास बेच्न सक्ने हैसियत नेपालले राख्छ । यसलाई कम उपलब्धि आँक्न मिल्दैन । ग्यास र फलाममा आत्मनिर्भरताको सम्भावनाले सरकारले तय गरेको समृद्धिको यात्रालाई पूरा गर्न सघाउने छ ।

**आत्मनिर्भरताको अपेक्षा**

यद्यपि अहिले यी दुवै परियोजना परीक्षणकै चरणमा छन् । तथापि एउटा भिन्दै सुखानुभूति प्रारम्भिक परीक्षणको नतिजाले दिएको छ । दैलेखमा ग्यास उत्पादनको कामले सार्थकता पाएको खण्डमा मुलुक नै आत्मनिर्भर बन्न सक्छ । ग्यासको व्यावसायिक उत्पादन थालिए नेपालको आर्थिक भार घट्ने मात्र होइन, विदेशी मुद्रासमेत आर्जन हुन सक्छ, जसले राष्ट्रिय अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याउने छ । सरकारलाई ठुलो मात्रामा राजस्व प्राप्त हुन्छ, विदेशी लगानीको आकर्षण बढ्छ र प्रविधि हस्तान्तरणका लागि अवसर खुल्छ । व्यावसायिक उत्पादन सुरु भएपछि ठुलो सङ्ख्यामा स्थानीय रोजगारी उपलब्ध हुने र पूर्वाधार विकासमा पनि टेवा पुग्न सक्ने प्रशस्त सम्भावना छ ।
ग्यासको व्यावसायिक उत्पादन थालिएपछि नेपालले भारत र चीन दुवैबाट रणनीतिक भूराजनीतिक लाभ लिन सकिने सम्भावना पनि उत्तिकै प्रबल छ । दैलेखलाई तेल प्रशोधन संयन्त्र निर्माण गरेर क्षेत्रीय ऊर्जाको केन्द्र पनि बनाउन सकिन्छ, जसले गर्दा आयात प्रतिस्थापन र व्यापार घाटा न्यूनीकरणमा पनि ठुलो टेवा पुग्ने छ । दैलेख र यस वरपरका क्षेत्रलाई सहायक उद्योग र नवीन उद्यमको विकास गरी कर्णालीको ठुलो जनसङ्ख्यालाई समेत यहाँ रोजगारी दिन सकिने अवस्था आउन सक्छ । कर्णालीकै लागि यो परियोजना वरदान बन्न सक्छ । मिथेन ग्यासबाट गाडी चलाउन, बिजुली उत्पादन गर्न र घरायसी प्रयोजनमा बत्ती बाल्न, हाइड्रोजन छुट्याएर अमोनिया ग्यास निकालेर मल कारखानामा पनि प्रयोग गर्न सकिने विज्ञहरू बताउँछन् । नेपालबाट हरेक वर्ष खाना पकाउने ग्यास, पेट्रोलियम पदार्थलगायतका ऊर्जाजन्य वस्तु आयातमा अर्बौं रुपियाँ बिदेसिने गरेको छ । यस्तो अवस्थामा नेपालमै मिथेन जस्तो ऊर्जाको स्रोत फेला पर्नु आशाको सङ्केत मात्र होइन, नेपालको समृद्धि यात्राको संवाहक पनि हो ।

संसारका अन्य देशले मिथेन ग्यासलाई पाइपलाइनमार्फत घर घरमा पुऱ्याउन तथा ग्यासबाट चल्ने गाडीमा र उद्योग कलकारखानामा प्रयोग गर्ने गर्छन् । नेपालले पनि यस्तै खालको प्रविधि अपनाउन सकेमा, दैलेखको मिथेन ग्यास आर्थिक रूपान्तरणको आधार बन्न सक्छ । प्रारम्भिक प्रतिवेदनले सकारात्मक सङ्केत देखाए पनि यो अझै वैज्ञानिक परीक्षण र गुणस्तर मापनको प्रक्रियामा छ । अन्तिम प्रतिवेदनले मात्र ग्यासको मात्रा, गुणस्तर, प्रयोगको तरिका र उत्खननको लागतबारे स्पष्ट जानकारी दिने छ । आशा गरौँ, हामीले अपेक्षा गरे अनुसार नै परिणाम देखिने छ ।

**ग्वार्कोमा अर्को उपलब्धि**

काठमाडौँ उपत्यकाको निकै व्यस्त सडक चक्रपथ अन्तर्गत ललितपुरको ग्वार्को चोकमा गत ६ असारदेखि 'ओभर पास' सञ्चालनमा आएको छ । गत साता प्रधानमन्त्री ओलीले यसको विधिवत् रूपमा उद्घाटन गरेसँगै यो सञ्चालनमा आएको हो । सवारी आवागमनको अत्यधिक चाप व्यवस्थापन गर्न सरकारले ग्वार्कोमा ओभर पास निर्माण गरेको हो । यसले चक्रपथको सातदोबाटो-कोटेश्वर सडक खण्ड, मङ्गलबजार, इमाडोल र लुभूमा कुद्ने सवारीलाई सुरक्षित, सहज तथा व्यवस्थित बनाएको छ । उद्घाटन समारोहमा बोल्दै प्रधानमन्त्रीले नेपाल पनि विकसित देशसरह हरेक कुरामा अघि बढिरहेको बताउनुभएको थियो । हेर्दा सामान्य भए पनि यस किसिमका कामले देशलाई चिनाउनमा थप मद्दत गर्छ ।

**सुरुङमार्ग अर्को उपलब्धि**

सरकार राजमार्गलाई विस्तार गर्ने अभियानमा लागेको मात्र छैन, कठिन स्थानमा सुरुङमार्गसमेत बनाएर आवागमनलाई सहज तुल्याएको छ । सडक विस्तारका क्रममा देखिने जाम, एकतर्फी आवागमनका कारण केही समय असहज, कठिन महसुस भए पनि कालान्तरमा यस्ता कामले सुखद परिणाम नै दिन्छन् भन्ने कुरामा शङ्का गरिरहनु पर्दैन ।

करिब एक वर्षअघि सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका वडा नं. ३ स्थित सिद्धबाबा मन्दिरदेखि बुटवल पावर हाउससम्म एक हजार १२६ मिटर लामो सुरुङमार्ग निर्माणमा 'ब्रेक थ्रु' भएको छ। योसँगै नेपाल त्यतिबेलादेखि सुरुङमार्गमा प्रवेश गरिसकेको छ । यो हाम्रो गौरव गर्नलायक अर्को गाथा हो । भौतिक पूर्वाधारको क्षेत्रमा नौलो अभ्यास मानिएको सुरुङमार्गको 'ब्रेक थ्रु' लाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र आयोजनाले उत्सवका रूपमा कार्यक्रम आयोजना गरी मनाएका थिए । यो सुरङमार्गले सिद्धार्थ राजमार्ग भएर यात्रा गर्ने यात्रुलाई सहज बनाउने छ । यसका अलावा पहाडी जिल्लाको उत्पादनलाई बुटवलसम्म ल्याई बिक्री वितरण गर्नसमेत सहज हुने छ । यसका अतिरिक्त अन्य थुप्रै सकारात्मक कामको थालनी भएको छ । चाहे त्यो सिस्नेरी नागढुङ्गा भूमिगत सडक खण्ड होस् वा तराईलाई काठमाडौँसँग जोड्ने द्रुतमार्ग हुन्, यी सबैले देशको विकासको गतिलाई प्रतिनिधित्व गरिरहेका छन् । उडान नियमित हुन बाँकी नै छ, तथापि पोखरा र लुम्बिनीमा रहेका अन्तर्राष्ट्रिय विमानस्थलले देशलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन र पहुँचमा सुगमता प्रदान गर्न सघाइरहेका छन् । राम्रा कामले निरन्तरता पाउन जरुरी छ । थालिएका काम, जुन देशको आर्थिक विकास र समृद्धिका वाहक मानिन्छन्, तिनलाई छिटो पूरा गर्न जरुरी छ । कुनै पनि बहानामा आयोजना रोक्ने, काममा ढिलाइ गर्ने प्रवृत्ति अन्त्य गरी समृद्धिको यात्रामा अघि बढ्न अब ढिलाइ गर्नु हुँदैन ।

# असार १५ को रहर



















# शव्दखेतीप्रति मेरो शव्द



• तुलसीप्रसाद भट्टराई

पारी क्षितिजबाट उठेर आएको बादलले निरन्तर मनसुन झारेर जमिनको सतहमा हिलाम्मे बनाएपछि पृथ्वीको गर्भबाट निस्किएका मूलसँग जोडिएर थपिँदै थपिँदै अविरल बगिरहेको निष्कलङ्क नदी एउटा विशाल सागरमा परिणत भएझैं, अक्षर नै अक्षरहरूको समूह गठन गरेर शब्द निर्माण गर्दै अविचल रूपमा शब्दको खेती गर्ने र शब्दहरूको एउटा अमर सागर बनाउन निरन्तर प्रयास गरिरहने युवा कवि नुरज भट्टराई नदी र प्रथम कृति शब्दखेतीलाई सर्वप्रथम हार्दिक बधाई !

माईजोगमाई गाउँपालिका ५ नामसालिङ इलाममा जन्म भएर हुर्किंदै स्नातक तह सम्मको अध्ययनलाई सफल गरी रङ्को कुचीसँग सधैं साइँनो गाँस्दै सूर्योदय नगरपालिका फिक्कललाई कर्मथलो बनाएर बस्ने कवि पूर्वोत्तर भारत असम, सिक्किम, दार्जिलिङ, मिरिक, सिलिगुडीलगायत नेपालको मेचीदेखि महाकालीसम्म नेपाली साहित्यको विभिन्न विधामा आबद्ध संघ संस्थाहरू, रेडियोमा साहित्यिक कार्यक्रम तथा सामाजिक सञ्जालका हरेक माध्यमहरूमा हुनेगरेका साहित्यिक गतिविधिलाई नियाल्ने विश्व समुदायबिच परिचित बन्न सक्षम भएका व्यक्ति हुन् नुरज भट्टराई ।

पहिलो कृति शब्दखेती कविता संग्रह प्रकाशन गरेर नेपाली साहित्य आकाशमा स्रष्टाको रूपमा जोडिएका कविको यो पुस्तक नेपाली साहित्यको छन्द कविता समस्या पूर्ति विधामा एउटा खम्बा बन्नसक्ने पूर्ण विश्वास गर्न सकिन्छ । पुस्तक सानै आकारको भए पनि यसमा ५१ वटा निकै वजनदार कविताहरू समावेश गरिएको छ। एउटा प्रकाशकीय लेख, पाँचवटा विशिष्ट शुभकामना र लेखकको आफ्नो कुरा सुरुवातमा राखिएको पुस्तकको अन्तिममा कविको सम्पूर्ण वैयक्तिक विवरण र आबद्धता राखिएको छ ।

शब्दखेतीभित्र प्रवेश गर्दा त्यहाँ उनिएका पुष्प हार झैं शब्दमालाले पाठको मनलाई भोकतिर्खा बिर्साउने गरी तानेको छ। सिलसिला मिलाएर राखिएका कविताहरूको गाम्भीर्यतामा डुबेपछि हतपत निस्कन मन लाग्दैन।

बाटौं सारा भुवनभरि नै काव्यको एक डोरी
हाम्रो इच्छा सफल बनियोस् सम्झना नित्य जोडी
धर्ती जस्तो अमर कविता लेख्नुको जोश रङ्ग
आयो पञ्चम् कुहुकुहु गरी छन्दको यो तरङ्ग ।
के हुन् वर्णहरू तथापि यसमा त्यो ह्रस्व वा दीर्घ के
के हुन् काव्य तथा कथा र कविता भाषा र आख्यान के
के व्युत्पत्ति समास धर्म नबुझी शब्दार्थ बन्ने भयो
राम्रो भन्नुभयो महोदय अहो ! हूँ भ्यागुतो कूपको
सुनौला गरामा मैक धान कोदो
फले झैं सुधामा कथा काव्य थुप्रो
ढकाऊँ कि पृथ्वी नयाँ वर्ण रोपी
सधैं रम्न पाऊँ गरी शब्दखेती।

यसरी शब्दखेतीले सर्जकहरूलाई सिर्जनामा रमाउन शब्दको खेती गर्न र सिर्जना फलाउन उत्प्रेरित गर्दछ अक्षरबाट शब्द , शब्दबाट वाक्य र वाक्यबाट काव्य निर्माण गर्न अभिप्रेरित गर्दछ। कविताले कतै देश बोलेको छ कतै भेष बोलेको छ, प्रकृतिसँग चुर्लुम्म डुबेर निकै मजाले पौडी खेल्न सकेको छ भने कहिले मरुभूमिभित्र पुगेर पनि चट्टान ठडिए झैं ठिङ्ग उभिन भ्याएको छ ।

नेपाली घर स्वर्ग हो हृदयमा हेर्ने कला भैदिए
हामी हौं मनुका प्रजा भुवनमा बुझ्ने कला भैदिए
हाम्रा छन् वशमा उदात्त गरिमा पूर्खा नसोधेपछि
बाटो लाग्छ हरेक राष्ट्रसपना माटो नलागेपछि
शिरको तलको वरको परको
बनिऔं लहरा अब यै वनको
नभनोस् कसले पनि छिः नभनोस्
नवजाँगरमा अब देश बनोस् ।
एकै नाता विषय रङ्का फूलबारी सजाई
बाँचेका छौं भुवनभरि नै एक माला बनाई
गोर्खा बर्मा वरपर जहाँ देखिए त्यो म नै हो
मेरो टोपी म र हृदयको चेतना उच्चता हो
डाँडा र पाखा हरियो छ बस्ती
वर्षौं भयो यी ऋतुराज मस्ती
ढुङ्गा र माटो पनि देवता भो
आफ्नै छ संसार विचित्र हाम्रो
यो धर्ती अमरावती छ जन हो सोचे नयाँ सृष्टि हो
यै आँखा अफ सत्य हो भुवनमा हेरे नयाँ दृष्टि हो
बाधा छैन अनन्त छन् सफर झन् उड्ने कला फेरिए
बाचौं फूल समान यो प्रकृतिमा फुल्ने इरादा भए ।

माथिका श्लोकहरूबाट कविले देशप्रतिको गहिरो भाव देशप्रेम र राष्ट्रीयतालाई झल्काउने प्रयास गरेका छन् । हाम्रो देश स्वर्ग समान छ, हामीले चिन्नुपर्छ र देशलाई आफ्नो ठाउँबाट सकेसम्म योगदान गर्नुपर्छ भन्ने

❖ बाँकी अन्तिम पृष्ठमा

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।